नेपाल सरकार
परराष्ट्र मन्त्रालय

# राहदानी विभाग

त्रिपुरेश्वर, काठमाडौं

NS/ISO 9001:2015 प्रमाणीकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

प.सं.- डि.ओ.पी/एड्मीन-१०
च.नं.- १०८२

मिति-२०८२/१०/१५
(ने.सं. ११४६)

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
राहदानी विभाग
काठमाडौं

श्री जिल्ला/इलाका प्रशासन कार्यालय (सबै),

विषयः राहदानी सम्बन्धी कसुर सम्बन्धमा।

प्रस्तुत विषयमा जिल्ला तथा इलाका प्रशासन कार्यालयबाट कुनै व्यक्तिले झुट्टा विवरण पेस गरी वा दोहोरो हुने गरी नागरिकता प्रमाणपत्र लिएकोमा कानुन अनुसार कार्यवाही तथा त्यस प्रकार लिएको नागरिकता प्रमाणपत्र रद्द गरी सोको बोधार्थ यस विभागलाई दिने गरेको छ। कतिपय व्यक्तिले त्यस प्रकार रद्द भएको नागरिकताको आधारमा राहदानी समेत लिने गरेको देखिएको छ ।

राहदानी ऐन, २०७६ को दफा २१(क) मा कसैले झुटा विवरण पेश गरी राहदानी वा यात्रा अनुमति पत्र लिएमा वा लिन प्रयत्न गरेमा वा गर्न लगाएमा वा गर्न सहयोग गरेमा त्यस्तो कार्यलाई ऐन बमोजिम कसूर गरेको मानिने व्यवस्था गरी ऐनको दफा २२ मा सजायको समेत व्यवस्था गरेको छ । सोही ऐनको दफा २९ मा उक्त ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुने र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -१ मा समावेश भएको मानिने व्यवस्था गरिएको छ। साथै सोही ऐनको दफा २३ मा यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानुन बमोजिम मुद्दा

कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन भन्ने समेत व्यवस्था गरिएको छ । परिणामतः झुट्टा विवरणका आधारमा बनाइएका नागरिकता रद्द भएको अवस्थामा त्यस नागरिकताको प्रमाणपत्रका आधारमा राहदानी जारी गरिएको भएमा राहदानी ऐन, २०७६ बमोजिम समेत उक्त राहदानी स्वतः रद्द हुने र कानून बमोजिम आवश्यक कारबाही हुनु पर्ने देखिन्छ ।

तसर्थः यस प्रकार झुट्टा विवरणका आधारमा नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिहरूको हकमा त्यहाँ कार्यालयबाट नागरिकता सम्बन्धी मुद्दा चलाउनु पर्ने भएमा सोही प्रमाणपत्रका आधारमा राहदानी समेत लिएको भए राहदानीसम्बन्धी कसुरमा समेत मुद्दा चलाउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

२०८२/१०/१५
(केशवराज पन्थी)
शाखा अधिकृत

श्री नागरिकता/मुद्दा/राहदानी शाखा,
परिपत्र फाइलमा
राख्ने ।
२०८२/१०/१५